परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ४९ पृष्ठ ४ २०८१ मंसिर २३ गते, आइतबार 08-December, 2024 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

9854020595
9801620595
कान्तिपुर फ्लैक्स प्रिन्ट
मेनरोड, बर्दिवास, महोत्तरी
हाम्रो सेवाहरू
• फ्लैक्स प्रिन्ट • होर्डिङ्ग बोर्ड • 2D बोर्ड • 3Dबोर्ड
• भिजिटिङ्ग कार्ड • टि-सर्ट प्रिन्ट • स्टाम्प • कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

## साढे छ वर्षसम्म पनि अधुरै सितापुष्प वाटिका

• टक नेपाल

जनकपुरधामको ऐतिहासिक र धार्मिक महत्त्व बोकेको मणिमण्डपलाई वैवाही गन्तव्यका रूपमा विकास गर्न ल्याएको सितापुष्प वाटिका मणिमण्डपको निर्माण योजनाको काम साढे छ वर्ष बितिसक्दासमेत अधुरै छ । जनकपुरधामलाई वैवाहिक गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले जनकपुरधाम उपमहानगर पालिका वडा नं. १३ रानी बजार स्थित सुरु गरिएको सितापुष्प वाटिका योजनाको काम तीन वर्षमा सम्पन्न हुनुपर्ने थियो । तर निर्माण कम्पनीको ढिलासुस्तीका कारण साढे छ वर्षसम्म पनि काम सम्पन्न नहुँदा स्थानीयवासीको आशा निराशामा बदलिएको छ । सङ्घ सरकारले २०७५ सालमा जनकपुरधामको ऐतिहासिक महत्त्व लाई उजागर गर्न सीताराम विवाह मण्मिमण्डपलाई वैवाहिक गन्तव्यका रूपमा विकास गर्न सितापुष्प वाटिका निर्माण थालनी गरेको थियो । योजनाले रामायणकालीन मिथिला सभ्यता र प्रकृतिको सामञ्जस्य झल्काउने प्रतिबद्धता जनाए पनि अहिलेसम्म निर्माण कार्य सुस्त गतिमा भइरहेको छ । २०७५ सालमा काठमाडौँको रबिना कन्स्ट्रक्सन कम्पनी लिमिटेडले वाटिकाअन्तर्गतका भौतिक निर्माणको जिम्मेवारी पाएको थियो । सम्झौता अनुसार २०७८ साल जेठ २४ गतेसम्म तीन वर्षमा निर्माण सम्पन्न भइसक्नु पर्ने थियो । तर पहिलो सम्झौता मिति सकिएको तीन वर्षभन्दा बढी हुँदा पनि निर्माण कार्य सकिएको छैन । सम्झौता मिति सकिए पनि कम्पनीले विभिन्न कारण देखाउँदै पटक पटक म्याद थप गर्दै आएको छ । सङ्घीय सरकार सहरी विकास तथा भवन निर्माण कार्यालय जनकपुर धामअन्तर्गत २०७५ सालमा भ्याटबाहेक १८ करोड १५ लाख २२ हजार ७९३ रुपियाँको लागतमा निर्माण कार्यको थालनी भएको थियो । तर कम्पनीको लापर बाही र ढिलासुस्तीका कारण वैवाहिक गन्तव्यका रूपमा विकास गर्न ल्याइएको योजना सम्पन्न हुन नसकेको सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय जनकपुरधामका प्रमुख विनोदकुमार यादवले बताउनुभयो । उहाँले कम्पनीलाई पटक-पटक ताकेता गरेपनि कम्पनीले कुनै प्रतिक्रिया नदिएको जानकारी दिनुभयो । उहाँले निर्माण कम्पनीलाई वैशाखदेखि मङ्सिरसम्म कयौँ पटक लिखित रूपमै ताकेता



गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "कम्पनीलाई पटक-पटक ताकेता गरेपनि कुनै प्रतिक्रिया छैन, टेन्डर लिने अनि पेटी ठेकेदार लाई काम दिने हुँदा समयमा काम सम्पन्न हुन नसकेको हो ।" कम्पनीले निर्माणका लागि म्याद थपेको समय मङ्सिर २२ मा समाप्त हुने र त्यसपछि जरिवाना लाग्नेछ, अहिलेसम्म वाटिकाको निर्माणको काम भौतिकतर्फ ८० प्रतिशत र वित्तीयतर्फ सम्झौता र कमको ७६ प्रतिशत प्रगति भएको प्रमुख यादवले बताउनुभयो । यस्तै, स्थानीय पूजा सामग्री व्यापारी राममश्रे रावतले सितापुष्प वाटिका योजनाको कार्य सम्पन्न नहुँदा प्राचिनकालीन रामसीता विवाह स्थल मणिमण्डप ओझेलमा परेको बताउनुभयो । उहाँले यहाँ बनाइने विवाह मण्डपको योजना पनि जानकी मन्दिरमा लगेको बताउनुहुँदै भन्नुभयो, "विवाह मण्डप निर्माणको योजना जानकी मन्दिर छेउमा लगेपछि कुनै पनि योजना यहाँ राखिएको थिएन तर, सङ्घ सरकारले ल्याएको वाटिकाको योजनाअन्तर्गतको काम पनि समयमा सम्पन्न नहुँदा यस ठाउँको विकास हुन नसकेको हो ।" "हेर्नुस् विवाह पञ्चमी महोत्सवमा जानकी मन्दिर भरिभराउन छ तर, यहाँ आक्कल झुक्कल पर्यटक मात्र आएका छन्, प्राचिनकालमा विवाह भएको स्थल मणिमण्डप हो," उहाँले भन्नुभयो । त्रेता युगमा राम र सीताको विवाह भएको स्थान मणिमण्डपको अवस्था अझैसम्म पनि सुधार नहुँदा पर्यटकहरूको आगमनमा वृद्धि हुन सकेको छैन । उक्त योजनाले मणिमण्डपलाई वैवाहिक गन्तव्यको रूपमा विकास हुँदा पर्यटकीय गन्तव्य बनाउन ठुलो मद्दत पुग्ने छ । तर योजना समयमा सम्पन्न नहुँदा निराशा छाएको मणिमडपका पुजारी नवल दासको भनाइ छ । उहाँले प्राक्कालीन धार्मिक स्थल ओझेलमा परेको बताउनुहुँदै कुनै सरकारको नजरमा मणिमण्डप नपरेको गुनासो गर्नुभयो । प्राक्कालीन विवाह स्थल मणिमण्डपलाई विकास गर्न नसकिएको प्रति मन्दिरका पुजारी नवल दास भन्नुहुन्छ, "बेला बखत भारतीय पर्यटकहरू आगमन हुन्छ, नत्र भने अन्य पर्यटकहरूको आगमन यहाँ हुन सकेको छैन । कतिपयलाई यस स्थानको बारेमा जानकारी नै छैन । जानकी मन्दिरको छेउमा बनाइएको विवाह मण्डपको छायामा रामसीताको वास्तविक विवाह भएको स्थान मणिमण्डप ओझेलमा परेका छ । लामो समयको अन्तरालमा मणिमण्डपमा निर्माण हुन थालेको जनक दर बार र धर्मशाला निर्माणमा भएको ढिलासुस्तीप्रति सम्बन्धित निकायको ध्यानाकर्षण हुन जरुरी छ ।" उहाँले यो ऐतिहासिक विवाह स्थल भएको बताउनुभयो । कम्पनीका तर्फबाट साइट इन्जिनियर सुनिलकुमार सिंहले योजनाअन्तर्गत स्यानीटरी, विद्युतीय जडान, झ्यालमा सिसा राख्ने र रंगरोगनको काम मात्र बाँकी रहेको बताउनुभयो। उहाँले कोरोनाका कारण समयमा सामान उपलब्ध नहुँदा काम समयमा सम्पन्न हुन नसेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो,"अबको दुई/तीन महिनामा सम्पूर्ण काम सम्पन्न हुन्छ।" दुई बिघा क्षेत्रफलमा फैलिएको सितापुष्पा वाटिका मणिमण्डप योजनाअन्तर्गत मणिमण्डप परिसर भित्र दुईतल्ले जनक दरबारको प्रति मूर्तिसहित दुई तल्ले भवन, धर्मशाला, स्वयंवर मण्डप, दुई वटा प्याभिलियन, मन्दिर र पसलका लागि आठ सटरलगायत भौतिक संरचनाहरू रहेका छन् । वैवाहिक गन्तव्यका रूपमा विकास गर्न ल्याइएको योजना निर्माणमा ढिलाइ भएका कारण यहाँका व्यापार व्यवसाय पनि फस्टाउन सकेको छैन । स्थानीय भन्छन्, "दरबार निर्माणले एक खालको आशा पलायन पनि दरबार समयमा निर्माण नहुँदा निराश भएका छौ ।"

## बर्दिवासमा क्यान्सर रोगको परिक्षण हुने

• टक नेपाल

बर्दिवास नगरपालिकामा संचालित शुभस्वस्तिक हस्पिटलमा क्यान्सरजस्तो रोगको परीक्षण हुने भएको छ । यसपटक भने यही २६ मंसिरमा निशुल्क परीक्षण गरेर यसको सुरुवात गरिने हस्पिटलका सञ्चालक दीपक कार्कीले बताएका छन् । चितवन क्यान्सर अस्पतालका अनुभवी विशेषज्ञ चिकित्सकको सहकार्यमा शुभस्वस्तिकले सो परीक्षण शिविर सञ्चालन गर्न लागेको हो । मधेश प्रदेश क्यान्सर रोगले अक्रान्त रहेको तथ्यांकले देखाएको छ। मुलुकका सातै प्रदेशमध्ये क्यान्सर रोगीको संख्या मधेशमा धेरै रहेको चिकित्सकहरू बताउँछन् । क्यान्सरको आशंका भए पनि आर्थिक अवस्थाका कारण अस्पताल जान नसकेर त्रासमा बाँचिरहेका यस भेगका सर्वसाधारणलाई लक्षित गरी पछि सातामा एक दिन नियमित परीषण गर्ने उदेश्यका साथ पहिलो पटक निशुल्क परीक्षण गर्न लागिएको बताइएको छ । क्यान्सर प्राणघातक रोग भए पनि समयमै उपचार गरे निको हुने चिकित्सकहरू बताउँछन् । त्यसैले निम्न लक्षण देखिएका कोही भएमा परीक्षण गरी ढुक्क हुन हस्पिटलका संञ्चालक कार्कीले अनुरोध गरेका छन् ।

### क्यान्सर रोगका लक्षण

#### स्तनमा परिवर्तन

स्तन क्यान्सरले धेरैको ज्यान लिने गरेको छ । अचम्म त के भने, महिला मात्रै होइन, पुरुष पनि यसको चपेटामा पर्छन् । यसका धेरै लक्षण हुन्छन् । जस्तै स्तनमा गाँठो, निप्पलको रंगमा परिवर्तन, निप्पल चिलाउने, रेशा, निप्पलभित्र मोडिनु । तर, यो कुरालाई पनि ध्यानमा राख्नुपर्छ कि यिनीहरु स्तन क्यान्सरका पक्का प्रमाण होइनन् । कहिलेकाहीँ हार्मोनको परिवर्तनले वा स्वास्थ्यसम्वन्धि अन्य कारणले पनि यस्तो हुन सक्छ । त्यसैले डाक्टरको परामर्श लिनु राम्रो हुन्छ ।

#### मूत्र वा मलबाट रगत निस्किनु

पिसाब वा दिसा गर्दा रगत निस्कियो भने तुरुन्त अस्पताल गएर चेकअप गराइहाल्नुपर्छ । किनकी यो किड्नी वा पिसाबको थैलीमा क्यान्सरको संकेत पनि हुन सक्छ । यसका अलावा पाचन वा शौच सम्वन्धी बानीमा स्थायी परिवर्तन आउनु । जस्तै लामो समयसम्म कब्जियत, डायरिया वा अधिक दिसा हुनु कोलोन क्यान्सरको लक्षण हुन सक्छ।

#### अचानक तौल घट्नु

खास अरु कारण बिना नै अचानक धेरै तौल कम भयो भने यो चिन्ताको बिषय हुनसक्छ । यसको अन्य कारण पनि हुन सक्छ, तर अन्नाशय, फोक्सोका वा पेटको क्यान्सरको सम्भावनालाई पनि नकार्न सकिँदैन ।

#### मुखमा कत्ला आउनु

सामान्यतया दुई हप्तामा कुनै पनि कत्ला




ठिक हुन्छ । तर, योभन्दा बढि समय लाग्यो भने चिन्ताको विषय हो । यसको अलावा आवाजमा परिवर्तन, निल्नमा समस्या, मुखभित्र सेतो वा रातो रंगको निसान देखिनु मुखको क्यान्सरको सुरुवाती लक्षण हुन सक्छ ।

#### ज्वरो

लामो समयसम्म ज्वरो ठिक भएन भने ब्लड क्यान्सरको सुरुवाती लक्षण हुन सक्छ । त्यसो त क्यान्सरबाट पिडित सबैजसो बिरामीलाई ज्वरो आउँछ । यो प्रतिरक्षा प्रणाली कमजोर भएको कारणले गर्दा हो ।

#### रुँघा

एक महिनाभन्दा लामो समयसम्म लगातार खोकि लाग्यो, खोक्दा रगत आयो, सास फेर्न असुविधा भयो भने पनि क्यान्सरको लक्षण हुन सक्छ । यस्तो अवस्थामा तुरुन्त डाक्टरलाई भेट्नु उचित हुन्छ ।

#### दुखाई

दुखाईका कैयन कारण हुन सक्छन् । तर बिना कुनै कारण एक महिना वा सोभन्दा बढि समयसम्म दुखाई जारी रह्यो भने यो हड्डी, ब्रेन वा अन्य क्यान्सरको संकेत हुन सक्छ । यसैगरी लगातारको टाउको दुखाइ ब्रेन ट्यूमरको लक्षण हुन्छ । जबकि कोलोन, रेक्टम वा ओवरीमा क्यान्सरका कारण पिठ्यूमा दुखाई हुन्छ । लंग क्यान्सरबाट पिडित केही रोगीमा छातिमा दुखाई हुन्छ । यो सबै क्यान्सर फैलिँदाको पीडा हो ।

बाँकी पृष्ठ २ मा

के तपाई विदेश जाने सोचमा हुनुहुन्छ?
यदि हुनुहुन्छ भने, हामी तपाईंको शहर बर्दिबासमा आइसकेका छौं।
Study Abroad
Preparation Classes
▪ IELTS / PTE Classes
▪ Japanese Language Classes
▪ Korean Language Classes
IELTS | Pearson | PTE
Date Booking
Australia | Canada | UK | USA
New Zealand | Japan | Korea
ग्रेस इन्टरनेशनल, बर्दिबास
सम्पर्क:- 9841133811, 9854088026, 9854088028
स्थान :- औरही रोड, शुभ स्वस्तिक हस्पिटल (पुरानो भवन)

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### पत्रकारको चुनावमा उठनउनुपर्ने कुरा

पत्रकारहरुको हक हितको लागि काम गर्ने नेपाल पत्रकार महासंघ चुनावको सन्निकटमा छ । नेपाल पत्रकार महासंघलाई पत्रकारहरूको मात्रै साझा संस्था बनाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, श्रमजीवी पत्रकारको अधिकार, स्वरोजगारमूलक संचार माध्यमको हित, सूचनाको हक संरक्षण र पत्रकारिताको व्यावसायिक विकासका लागि आवाज उठाउनु पर्नेछ। सर्वप्रथम प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र लोकतन्त्रको पक्षमा नेपाल पत्रकार महासंघले गर्दै आएको सम्झौताहिन संघर्षप्रति गौरव गर्ने वातावरण निर्माण गर्नुपर्दछ । नेपाली पत्रकारितालाई स्वच्छ, मर्यादित र उत्तरदायी बनाउनका लागि महासंघभित्र र पत्रकारिता क्षेत्रमै शुद्धीकरणको आवश्यकता छ । साथै, लोकतान्त्रिक समुदायको भरोसायोग्य नागरिक संस्थाको रूपमा स्थापित महासंघको गरिमा, गौरव र सामाजिक स्वीकारोक्तिलाई वृद्धि गर्दै लानु छ । श्रमजीवी पत्रकारहरूको हकहित र अधिकारप्रति पूर्ण प्रतिबद्ध हुदै श्रमजीवी पत्रकार सम्बन्धी ऐनको पूर्ण कार्यान्वयनका निम्ति ठोस पहल गर्ने प्रतिबद्धता पनि चाहिएको छ । श्रमजीवी पत्रकारका लागि औषधो पचार, तालिम, पुरस्कार, फेलोसिपको व्यवस्था गर्नुको साथै सञ्चार सामग्रीको बिमा गर्ने प्रबन्धका लागि पहल गर्दै श्रमजीवी पत्रकार कल्याण कोषलाई थप प्रभावकारी बनाउनु पर्नेछ। संघ, प्रदेश र स्थानीय तहमा सञ्चारमैत्री नीति, कानुन र संरचना निर्माणका लागि आवाज उठाउनु पनि एउटा महत्वपुर्ण एजेण्डा हुनेछ। पत्रकार आफैले चलाएका स्वरोजगारमूलक सञ्चार माध्यमको संरक्षण, समानुपातिक विज्ञापन वितरणको व्यवस्था र स्थानीय विज्ञापन स्थानीय सञ्चार माध्यमलाई दिलाउन ठोस पहल गर्दै सरकारले प्रदान गर्दै आएको लोककल्याणकारी विज्ञापन शतप्रतिशत वृद्धिको लागि ठोस कदम चाल्नु पर्नेछ। पत्रकारिता क्षेत्रमा लामो समय योगदान दिनुभएका पत्रकारहरूका लागि वरिष्ठ पत्रकार सम्मान तथा जीवनवृत्ति र अपाङ्गता भएका पत्रकारका लागि मासिक भत्ताको व्यवस्था, महिलाले चलाएका र मातृभाषाका सञ्चार माध्यमका लागि विशेष व्यवस्था गर्ने पहल गर्ने र महिला, दलित, आदिवासी, जनजाति, अपाङ्गता, मधेसी, सीमान्तकृत र पछाडि परेका क्षेत्र, वर्ग र समुदायको आमसञ्चारमा प्रतिनिधित्व बढाउन थप काम गर्ने आशा नयाँ प्रतिनिधिवाट गर्न सकिन्छ।

# मधेस प्रदेशमा डेंगु सङ्क्रमण न्यून, के भन्छन् विज्ञ ?

● टक नेपाल

मधेस प्रदेशमा अन्य प्रदेशको तुलनामा डेंगु प्रभावित हुनेको संख्या न्यून देखिएको छ । कर्णाली प्रदेशबाहेक अन्य पाँच वटा प्रदेशमा १३ सयभन्दा बढी मानिस डेंगुबाट प्रभावित भएका छन् भने मधेसमा ५७० जनामात्रै डेंगु सङ्क्रमित छन् । कर्णालीका ३४७ जना डेंगुबाट प्रभावित भएको इपिडिमियोलो जी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी)को तथ्याङ्क छ । कर्णाली प्रदेशमा चिसो हुने क्षेत्र भएकाले यहाँ ३४७ जनामात्रै डेंगु प्रभावित भएका हुन् । तर तुलनात्मक रूपमा बढी गर्मी हुने मधेस प्रदेशमा समेत डेंगु सङ्क्रमितको संख्या कम देखिनु जनचासोको विषय बनेको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी) का प्रमुख डा. यदुचन्द्र घिमिरेले मधेस प्रदेशमा डेंगु सङ्क्रमण कम हुनुमा विभिन्न पक्ष हुन सक्ने अनुमान गरे । 'दुई–तीन वटा कुरालाई सँगै राखेर हेर्नुपर्छ। यसमा हामीले कति संख्यामा परीक्षण गर्‍यौं भन्ने कुरा पनि आउँछ,' उनले रातोपाटीसँग भने, 'हामीले परीक्षण नै कम गर्‍यौं भने संख्या कम भइहाल्छ । वीरगंजमा विगतका वर्षहरूमा डेंगु प्रभावित भएको थियो। एक पटक डेंगु भइसकेको क्षेत्रका व्यक्तिलाई पुनः डेंगु सङ्क्रमण हुने सम्भावना कम हुन्छ।' घिमिरेले डेंगु सङ्क्रमण कम



हुनुमा तापक्रमको पनि भूमिका रहने बताए । वातावरणको तापक्रम बढी भएमा डेंगु सार्ने लामखुट्टेको वृद्धिविकास हुन नसक्ने उनको भनाइ छ। उनले भने, 'स्थानीय तहले डेंगुबारे सचेतनाको कार्य राम्रो गरेकाले पनि सङ्क्रमण कम देखिएको हुन सक्छ । तर यही कारणले घटेको हो भन्नलाई अनुसन्धान नै गर्नुपर्छ।' गर्मी हुने क्षेत्रमा डेंगु सङ्क्रमित संख्या कम हुनु अध्ययनको विषय रहेको शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा. विमल शर्मा चालिसे बताउँछन् । 'रिपोर्ट नभएको हो कि, कम भएको हो भन्नेबारे अध्ययन कै विषय छ,' उनले भने, 'कहिले काहीं नयाँ ठाउँमा एक वर्ष सङ्क्रमण देखियो भने अर्को वर्ष नदेखिन पनि सक्छ। कम देखिने पनि हुन्छ। यही कारण हो भन्नका लागि हामीले अध्ययन नै गर्नुपर्छ।' डा. चालिसेले धेरै गर्मीमा डेंगु सार्ने लामखुट्टे बाँच्न नसक्ने भनेर तर्क गर्ने हो भने भारतको दिल्लीजस्तो अति गर्मी हुने ठाउँमा पनि डेंगु सङ्क्रमण हुने गरेको जिकिर गरे। स्वास्थ्य निर्देशनालय धनुषाका निर्देशक डा.राजीव कुमार झा भने अन्य क्षेत्रमा डेंगु फैलिए लगत्तै आफूहरूले डेंगु सचेतना कार्य गरेका कारण सङ्क्रमण न्यूनीकरण भएको दाबी गर्छन् । 'अन्य प्रदेशमा डेंगु फैलियो र हामीले पालिकास्तरमा डेंगु गराउने लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान सञ्चालन गर्‍यौं,' निर्देशक झाले रातोपाटीसँग भने, 'प्रदेशको समन्वयमा अस्पताल आएका बिरामीको रगत परीक्षण गर्दा १ लाखभन्दा कम प्लेटलेट भएका बिरामीलाई मात्रै हामीले डेंगु परीक्षण गर्ने भनेका थियौं ।' प्रदेशमा डेंगु फैलाउने लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियानमा तीन लाख रुपैयाँ खर्च भएको डा. झाले बताए ।

#### कुन प्रदेशमा कति सङ्क्रमित ?

ईडीसीडीको पछिल्लो तथ्याङ्क अनुसार देशभर ३२ हजार ७ सय जना डेंगु सङ्क्रमण देखिएको छ। यसमध्ये मधेस प्रदेशका ५७० जना सङ्क्रमित भएका छन् । यस्तै, कोशीका १ हजार ९५९ जनालाई डेंगु सङ्क्रमण भएको छ। बागमती प्रदेशका ११ हजार ४२४ जनालाई, गण्डकीका १५ हजार ३३४ जनालाई डेंगु सङ्क्रमण भएको छ। लुम्बिनीका १ हजार ६९७ जनामा डेंगु पुष्टि भएको सरकारी तथ्याङ्क छ। कर्णालीका ३४७ जना र सुदूरपश्चिमका १ हजार ३६९ जनामा डेंगु सङ्क्रमण भएको ईडीसीडीले जनाएको छ। डेंगुबाट हालसम्म १३ जनाको मृत्यु भएको छ। ७७ जिल्लामध्ये हुम्लाबाहेक ७६ जिल्लामा डेंगु सङ्क्रमण फैलिएको छ ।

#### सबैभन्दा बढी प्रभावित भएका दश जिल्ला

ईडीसीडीको पछिल्लो तथ्याङ्क अनुसार कास्की सबैभन्दा बढी डेंगु प्रभावित भएको छ। यहाँका ७ हजार ५२३ जनामा सङ्क्रमण देखिएको छ। यस्तै, काठमाडौंका ५ हजार ५३५ जनालाई डेंगु सङ्क्रमण पुष्टि भएको छ । तनहुँका २ हजार ४९६ जना, पर्वतका १ हजार ८२० जना, ललितपुरका १ हजार ३६६ जना, बाग्लुङका १ हजार ३२३ जनालाई डेंगु सङ्क्रमण भएको ईडीसीडीले जनाएको छ । यस्तै, चितवनका १ हजार २१२ जना, भक्तपुरका १ हजार १०४ जनालाई डेंगु सङ्क्रमण भएको ईडीसीडीको तथ्याङ्क छ। गोर्खा र कैलालीका क्रमशः ९४४ जना र ४९५ जनालाई डेंगु पुष्टि भएको तथ्याङ्क छ ।

# बर्दिवासमा क्यान्सर रोग.........................

#### थकान

दिनभरको भागदौड र तनावबाट थकान महसुस हुनु सामान्य कुरा हो । तर, बिना कुनै मिहेनेत र सही खानपिनका बाबजुद पनि थकाईको महसुस हुन्छ भने ब्लड क्यान्सरको लक्षण हुन सक्छ । यसका अलावा कोलोन वा पेटको क्यान्सर भएमा पनि र गतको कमि हुन्छ र अत्यधिक थकानको महसुस हुन्छ ।

#### रक्तश्राव

मासिक धर्मका अलावा अचानक ब्लिडिङ हुनु कार्भिनल क्यान्सरको संकेत हुन सक्छ। यसका अलावा रेक्टम अर्थात् मलद्वारबाट र क्तश्राव -जो कालो दिशाका रुपमा देखिन्छ) कोलोन क्यान्सरको लक्षण हुन सक्छ । यस्तो कुनै किसिमको समस्या छ भने तुरुन्त जाँच गराउनुपर्छ । मासिक धर्मका दौरान पनि सामान्यभन्दा अत्यधिक रक्तश्राव भयो भने चिन्ताको विषय हुन्छ ।

#### पेट फुल्नु

पेट फुल्नु एउटा सामान्य समस्या हो। खासगरी महिलाहरुमा। यो अक्सर अपच, प्रीमेन्सुरल सिन्ड्रोम वा प्रेग्नेन्सी इत्यादीको कारण हुन्छ । तर, यदि लगातार दुई हप्ताभन्दा बढि समयसम्म पेट फुलिरह्यो र ब्लिडिङ तथा वेट लस पनि भयो भने चिन्ताको विषय हुन्छ । यो ओवेरियन क्यान्सरको संकेत हुन सक्छ ।

#### अन्डकोषमा बदलाव

पुरुषको अन्डकोषमा गाँठो, सुन्निएको, दुखाई वा कुनै प्रकार को अन्य बदलाव वा समस्या आयो भने तुरुन्त डाक्टरकहाँ जानुपर्छ । किनभने टेस्टिकुलर क्यान्सर अहिले धेरै द्रुत गतिमा फैलिइरहेको छ । डाक्टरका अनुसार १५ देखि ५५ वर्षसम्म उमेरका पुरुषले १–२ महिनामा यसको जाँच गराइरहनु पर्छ ।

#### पिसाब फेर्न समस्या

बढ्दो उमेरसँगै प्रोस्टेट ग्ल्यान्ड बढ्छ । यसको कारण पिसाब फेर्नु समस्या, लगातार पिसाब आउनुजस्ता समस्या उत्पन्न हुन्छन्। तर, यो प्रोस्टेट क्यान्सरको सुरुवाती संकेत पनि हुन सक्छ ।

#### निल्नमा समस्या

कहिलेकाहीं गला सुक्दा वा सुन्निदा खाना खान र पानी पिउन समस्या हुन्छ। सामान्यतया गलामा इन्फेक्सनको कारणले यस्तो हुन्छ। तर कहिलेकाहीं यो मुख वा गलाको क्यान्सरको कारणले पनि हुन सक्छ। यदि लामो समयसम्म खाना वा पेयपदार्थ निल्न समस्या पर्‍यो भने डाक्टरलाई भेटिहाल्नुस।

#### मुसा वा कोठीमा परिवर्तन

कोठी, मुसा आदीको रंग वा आकारमा अचानक परिवर्तन आउनु स्किन क्यान्सरको सूचक हुन सक्छ । यसैगरी छाला कालो वा पहेंलो हुनु, चिलाउनु वा एकदमै छिटो कपाल बढ्नु पनि क्यान्सरको लक्षण हुन सक्छ । भोक नलाग्नु यो ओवेरियन क्यान्सरको लक्षण हुन सक्छ। यदि धेरै समयसम्म केही नखाँदा पनि भोक लागेन र पेट हमेशा भरिएको महसुस भइरह्यो भने यो ओवेरियन क्यान्सर को सुरुवाति लक्षण हुन सक्छ ।

#### नङमा परिवर्तन

अचानक नङमा देखिने परिवर्तन विभिन्न प्रकारका क्यान्सरको संकेत हुन सक्छ । नङमा कालो वा खैरो धब्बाले स्किन क्यान्सर लाई संकेत गर्छ । यसै प्रकारले नङको अन्तिम सिरा ठूलो हुनुले लंग क्यान्सरलाई संकेत गर्छ । सेतो वा पहेंलो नङले पनि लंग क्यान्सरकै खतरा देखाउँछ ।

#### अनुहार सुन्निने

फोक्सोको क्यान्सरबाट पिडित के ही रोगीहरु अनुहार सुन्निएको वा रातो भएको सिकायत गर्छन् । यो यसकारण हुन्छ कि फोक्सोको ट्यूमरका साना सेल्सले छातिका र क्त धमनिहरुलाई ब्लक गरिदिन्छन् जसका कारण अनुहार वा शिरसम्म रक्तप्रवाहमा बाधा आउँछ ।

#### मुखभित्र वा जिब्रोमा सेतो दाग

मुखको क्यान्सरको सुरुवाती लक्षण यस्तो हुन्छ । यो धुम्रपान वा सुर्तिको सेवनले गर्दा हुने हो। यस्ता व्यक्तिहरु मुखको क्यान्सरको जोखिममा हुन्छन्। यसैले मुखभित्र यसप्रकारको बदलाव आयो भने तुरुन्त डाक्टरलाई भेट्नुपर्छ । यदि सुरुवाती चरणमै त्यसको लक्षण फेला पर्‍यो भने उपचार गर्न सकिन्छ ।






# मटिहानीमा जीवित छ सेनकालीन संस्कृत पाठशाला

● टक नेपाल

महोत्तरी जिल्ला सदरमुकाम जलेश्वरबाट सात किलोमिटर पूर्वतिर लागेपछि तीन सय वर्ष पुरानो संस्कृत विद्यालय मटिहानी पुग्न सकिन्छ। सेनकालीन इतिहासको जीवन्त प्रमाणका रूपमा मटिहानीले आफ्नो अस्तित्व बचाइरहेको छ । त्यसैले त इतिहास, संस्कृति र शिक्षाका अनुसन्धानकर्ता मात्रै होइन; पर्यटकलाई समेत मटिहानीले आकर्षित गरिरहेको छ । मटिहानीको संस्कृत पाठशाला विसं १७७५ मा लक्ष्मीनारायण मठका महन्त रामदास तस्मैया बाबाका शिष्य जयकृष्ण दासको नेतृत्वमा सुरु भएको बताइन्छ । लक्ष्मीनारायण मठ एवं संस्कृत महाविद्यालय मटिहानीका विषयमा ध्रुव रायले 'नेपाली लोकवार्ता' पुस्तकमा विसं १७७५ मा गुरुकुलीय पाठशाला सुरु भई २६ वर्षपछि मात्र राज्यबाट मान्यता पाएको उल्लेख गर्नुभएको छ । याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (क्याम्पस) का सेवानिवृत्त प्राध्यापक रायका अनुसार विसं १८०१ मा मकवानपुरका सेनवंशी राज्यबाट पाठशालाले मान्यता पाएको हो । मटिहानी मठसम्बन्धी ताम्रपत्रमा रहेको दाबी रायको भए पनि हालसम्म सार्वजनिक हुन सकेको छैन । उहाँका अनुसार ताम्रपत्रमा महन्तहरूबाट स्थापित, सञ्चालित, पोषित र संरक्षित संस्कृत विद्यालयको कीर्तिगाथा उल्लेख छ। 'मटिहानी महिमा' पुस्तकमा चन्द्रशेखर उपाध्यायले उल्लेख गर्नुभए अनुसार विसं १८०१ को 'विष्णु कुशविर्ता' नामक पुरस्कारस्वरूप लक्ष्मीनारायण मठलाई जग्गा प्राप्त भएको विषय ताम्रपत्रमा रहेको छ । राय र उपाध्यायले दाबी गर्नुभएको ताम्रपत्र एउटै हो अथवा फरक फरक हो भन्ने विषयमा समेत अध्ययन आवश्यक छ तथापि संस्कृत पाठशाला स्थापना भएको १७७५ सालमा मकवानपुरका राजा माणिक सेन रहेको इतिहासका पुस्तकहरूबाट प्रस्ट हुन्छ । मकवानपुरको चण्डनीमाईमा रहेको एक शिलालेखबाट समेत यो समय पुष्टि हुन्छ । लेखक उपाध्यायले मटिहानीस्थित लक्ष्मीनारायण मठ १७५१ सालबाट चर्चामा आएको र १७६६ सालमा राजा माणिक सेनबाट लक्ष्मीनारायण मन्दिर पुनर्निर्माण भएको पुस्तकमा उल्लेख गर्नुभएको छ । वीरजा (विग्ही) नदी किनारमा रहेको सिद्धसन्तको आश्रम मकवानी राजाको सहयोगमा पुनर्निर्माण भएपछि मटिहानी मठको नामकरण लक्ष्मीनारायण मठ रहन गएको बताइन्छ। लक्ष्मीनारायण मन्दिरको पुनर्निर्माणको कथा भने रोचक छ । 'जनकपुरधाम : ऐतिहासिक एवं आध्यात्मिक दृष्टिकोण' पुस्तकमा लेखक डा. पुष्पज रायले यो कथा प्रस्तुत गर्नुभएको छ। डा. रायका अनुसार राजा माणिक सेन सिकार गर्न दलबलसहित मटिहानी क्षेत्र पुग्नुभएको थियो । रासन सकिएपछि भोजनको व्यवस्थापनका लागि सिद्धसन्त भक्तराम दाससँग आग्रह गर्नुभयो । बाबा भक्तराम तस्मै (धेरै दुधमा थोरै चामल राखेर बनाइने खिर) मात्र खाएर लक्ष्मीनारायणको ध्यान गर्नुहुन्थ्यो। उहाँको दिनचर्या भजन र तस्मैको भोजन मात्र थियो । राजाको आदेश अथवा आग्रह मानेर सिद्धसन्तले एउटै भाँडोमा बनाइएको तस्मैबाट सम्पूर्ण सैनिक तथा राजाको भोक शान्त पार्नुभयो। बाबा भक्तरामको चमत्कार देखेर राजा माणिक सेनले मटिहानीमा लक्ष्मीनारायणको मन्दिर पुनर्निर्माण गराउनुभयो । गोरखापत्र दैनिकमा २०७८ साल असार २३ गते बुधबार प्रकाशित रिपेश दाहालको 'मकवानपुरका सेन राजाहरूको दुई सय नौ वर्षको इतिहासको खोजी भएन' शीर्षक लेखमा बाबु शुभ सेन जीवित रहेकै अवस्थामा माणिक सेन राजा भएका र उनका भाउजू राजेश्वरी (इन्द्रसेनकी पत्नी) को नायबी शासन रहेको उल्लेख छ । विसं १७७४ बाट उनी सर्वेसर्वा भएका थिए । माणिक सेनका जेठा छोरा राजा हेमकर्ण सेन १७९० सालमा गद्दीमा आसीन भएपछि तमसैया भक्तराम दासलाई १८०१ सालमा 'विष्णु प्रीतिकुशविर्ता' ताम्रपत्र प्राप्त भएको विभिन्न पुस्तक तथा अध्ययनले देखाए पनि सक्कल प्रमाणको अभाव छ । लेखक उपाध्यायले विसं १८०३ र १८०४ को लालमोहर, भोटु पाण्डेको ताम्रपत्र, कुवा स्थानको ताम्रपत्र तथा राजा हेमकर्णको विसं १८१० को सनद सवालमा मटिहानी मठसँग विवाद नगर्न आदेश दिएको आफ्नो पुस्तकमा चर्चा गर्नुभएको छ। गोरखाका राजा पृथ्वीनारायण शाहले विसं १८१९ मा मकवानपुर राज्यलाई अधीनमा लिएपछि पाठशालालाई शाहवंशीय राजा र त्यसपछि राणाकालीन समयमा प्रधानमन्त्रीहरूले संरक्षकत्व प्रदान गर्दै आएको पाइन्छ। डेभिड तथा सिमनले सम्पादन गरी सन् १९८७ मा प्रकाशित 'रिचुअल्स अफ रोयल्टी : पावर एन्ड सेरेमोनियल इन ट्रेडिस्नल सोसाइटिज' पुस्तकमा राजा रणबहादुर शाहले लालमोहरमार्फत मुस्लिम फकिरलाई काठमाडौँ उपत्यकामा फकिर घाँसी तथा वैष्णव सम्प्रदायलाई मटिहानी मठको लालमोहर दिएको उल्लेख छ । राजा जयप्रकाश मल्लकै पालादेखि फकिरको मातहतमा फकिर घाँसी र सेनवंशी राजाकै पालादेखि वैष्णव सम्प्रदायको मातहतमा मटिहानी रहेकाले शाहवंशीय राजाले निरन्तरता दिएको आधार प्रस्ट छ । मटिहानी पाठशाला स्थापनाको १२५ वर्षसम्म यहाँ धेरै विद्यार्थीले अध्ययन गरेका थिए । त्यस कालखण्डमा अध्ययन गरेका विद्यार्थीबारे पाठशालाले जानकारी सङ्कलन गरेर राख्न नसके पनि बालागुरु षडानन्द अधिकारीको अहिलेसम्म चर्चा हुने गर्छ । विसं १९०० देखि १० वर्षसम्म अधिकारीले यहाँ अध्ययन गर्नुभएको थियो । प्राध्यापक रायका अनुसार बालागुरुको पालासम्म संस्कृत पाठशालामा वेद र व्याकरण मात्र पढाइ हुन्थ्यो। ज्योतिष र न्याय विषयको पठनपाठन १९६८ सालबाट मात्र सुरु भएको थियो। लक्ष्मीनारायण मठमार्फत नै पाठशाला सञ्चालन भइरहेकोमा १९६८ साल पुस २९ गते ५४ वटुकका लागि छात्रावासको व्यवस्था गरिएको थियो । राजा त्रिभुवनले वार्षिक ४१५० भारतीय रुपियाँ आम्दानी आउने महोत्तरीकै खेस्रहा गाउँको जग्गा उपलब्ध गराएको सन् १९७५ मा प्रकाशित 'रेग्मी रिसर्च सिरिज' मा उल्लेख छ । छात्रावास सञ्चालनका लागि खेस्रहा गाउँको कति बिघा जग्गा उपलब्ध गराइएको हो, त्यसबारे ठोस प्रमाण अहिलेसम्म भेटिएको छैन। विसं २००३ सम्ममा वेद, व्याकरण, ज्योतिष र न्यायका लागि चार विभाग र चार शिक्षक कायम थियो। राणकालीन सत्ता व्यवस्था परिवर्तनपछि २००८ सालमा राजकीय संस्कृत प्रधान पाठशाला नामकरण हुन पुग्यो; जहाँ आचार्यसम्मको पढाइ हुन्थ्यो । प्रधानाध्यापकको जिम्मेवारी शिवशङ्कर झालाई दिइएको थियो । तत्कालीन सरकारी कानुन अनुसार २०२५ सालमा माध्यमिक तहसम्म मात्र पढाउनुपर्ने नियम बन्यो । सोही समयमा लक्ष्मीनारायण मठका मानमहन्थ कौशलकिशोर दासको संरक्षकत्वमा निजी स्रोतबाट लक्ष्मीनारायण महाविद्यालय स्थापना गरिएको थियो । त्यसपछि निजी स्रोतबाट पाठशालामा आचार्यसम्मको पढाइ हुन थालेको थियो । नयाँ शिक्षा योजना अनुरूप एउटा अञ्चलमा एउटा संस्कृत क्याम्पस हुनुपर्ने प्रावधान भएपछि जनकपुरमा निजी स्रोतबाट सञ्चालित याज्ञवल्क्य महाविद्यालयलाई मटिहानीस्थित लक्ष्मीनारायण महाविद्यालयमा गाभेर २०३० सालबाट छुट्टै भवनमा क्याम्पस सञ्चालन हुन थालेको थियो। सुरुमा त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस रहेकोमा २०४३ सालबाट महेन्द्र संस्कृत विश्वविद्यालय (हाल नेपाल संस्कृत विश्वविद्यालय) को आङ्गिक क्याम्पसका रूपमा रहेको छ। यस विद्यापीठमा शास्त्री (स्नातक) र आचार्य (स्नाकोत्तर) तहसम्मको पठनपाठन हुन्छ। विद्यापीठमा खडा गरिएको स्तम्भमा लक्ष्मीनारायणसँगै याज्ञवल्क्यको प्रतिमा राखिएको छ । नजिकै स्तम्भलेखन राखिए पनि पढ्न सकिने अवस्थामा छैन । मटिहानीको संस्कृत पाठशाला तथा तत्कालीन समयमा त्यसको सञ्चालन तथा व्यवस्थापन गर्ने लक्ष्मीनारायण मठ तथा मठाधीशबारे बृहत् अध्ययन आवश्यक छ । याज्ञवल्क्यलाई महर्षि भनेरसमेत सम्बोधन गरिन्छ । शताब्दीपुरुष सत्यमोहन जोशीले 'महर्षि याज्ञवल्क्य' पुस्तकसमेत लेख्नुभएको छ । विदेहराज जनकको समयमा शास्त्रार्थमा अब्बल मानिने याज्ञवल्क्य ब्रह्माको अवतार रहेको तथा सूर्यदेवसँग ज्ञान प्राप्त गरेको मान्यता राखिन्छ । उहाँले बृहदारण्यक उपनिषद्, शुक्ल यजुर्वेद संहिता, याज्ञवल्क्य स्मृति, याज्ञवल्क्य शिक्षा, प्रतिज्ञा सूत्र, सतपथ ब्राह्मण, योगशास्त्रसहितका ग्रन्थ रचना गर्नुभएको बताइन्छ। महिटानीमा धार्मिक तथा पुरातात्त्विक सम्पदासमेत छन्। लक्ष्मीनारायण मठसँगै जलेश्वर महादेव मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन मात्र नभई हुलाक टिकट, नोट तथा सिक्कामा तस्बिर ल्याउन स्थानीय र प्रदेश सरकारको पहल आवश्यक रहेको फोटोपत्रकार विश्वनाथ साह बताउनुहुन्छ। त्रेतायुगमा विवाहको वेदी बनाउन माटो लगिएको ठाउँ भएकाले मृतखनीबाट मटिहानी हुन पुगेको साहको भनाइ छ । जनकपुरधामबाट प्रत्येक वर्ष मटिहानीमा मटकोर कार्यक्रम हुनुपर्ने धारणा उहाँको छ । रामजानकी विवाहपञ्चमीका अधिकांश कार्यक्रम अहिले जनकपुरधामकेन्द्रित भएकाले मटिहानी र जलेश्वरका बासिन्दाको चित्तदुःखाइ स्वाभाविक पनि हो । महोत्तरी सदरमुकाम जलेश्वरमा रहेको जलेश्वर महादेव मन्दिरको दर्शन गर्न आउनेका लागि सात किलोमिटर मात्र टाढा रहेको पुरानो संस्कृत पाठशाला तथा बालागुरु षडानन्दले अध्ययन गर्नुभएको ठाउँबारे जानकारी दिने बोर्डहरू राखिनुपर्ने साह बताउनुहुन्छ । जलेश्वर महादेव मन्दिरमा यस क्षेत्रका धार्मिक तथा पर्यटकीय क्षेत्रका तस्बिर, होर्डिङ बोर्ड तथा सूचना केन्द्र नरहेकाले मन्दिरका पुजारी उपेन्द्र पाठक तथा स्थानीय व्यवसायीसँग पर्यटकले सोधपुछ गर्नुपर्ने अवस्था छ ।



### पुरानो वैष्णव मठ

मटिहानीमा रामानन्दीय सम्प्रदायका मुख्य तीर्थस्थलका रूपमा वैष्णव मठ रहेको छ। यो नेपालकै पुरानो वैष्णव मठ मानिन्छ । मठभित्र लक्ष्मीनारायण मन्दिर छ । यस मठको स्थापना तस्मैया बाबाले विसं १७५१ तिर गर्नुभएको बताइन्छ । जनकपुरका जानकी मन्दिर, राममन्दिर, रत्नसागर मठ, बसहिया मठलगायत मठका महन्तको 'पगरी' दिने अधिकार यसै मठका महन्तलाई छ। महन्तलाई जिम्मेवारी तथा अधिकार दिने कार्यलाई 'पगरी' दिने भनिन्छ । त्यसैले यस मठका महन्तलाई 'मानमहन्त' समेत भनिन्छ । वैष्णव मठका 'मानमहन्त' ले 'पगरी' लगाइदिएपछि मात्रै धनुषा र महोत्तरीका मठमन्दिरका महन्तले वैधता पाउने व्यवस्था छ। मठपरिसरमा लक्ष्मीनारायणको मन्दिर र दरबार निर्माण गरिएको छ । लक्ष्मीनारायण दरबार १५ बिघा क्षेत्रफलमा फैलिएको छ । मकवानपुरका राजा हेमकर्ण सेनले लक्ष्मीनारायणको दरबारलाई एक हजार तीन सय बिघा जग्गा दान गर्नुभएको इतिहासमा पाइन्छ। त्यसमध्ये झन्डै चार सय बिघा जग्गा गुठी संस्थानले बिक्री गरिसकेको बताइन्छ। ३८४ बिघा अझै बाँकी रहे पनि त्यसको संरक्षणमा निकै चुनौती रहेको छ। मटिहानी मन्दिरको नाममा धनुषा फुलगामामा १३२ बिघा, कजरारमौलमा ३४ बिघा, सपहीमा ४३ बिघा, उमाप्रेमपुरमा १९ बिघा, महोत्तरी मझौरा बिसनपुरमा आठ बिघा, धिरापुरमा ५५ बिघा, मटिहानीमा ६० बिघा र जाउखमा २७ बिघा जग्गा रहेको बताइन्छ । तीमध्ये १७५ बिघा जग्गा अतिक्रमण भइसकेको छ ।

### तस्मैया बाबालाई हरेक साँझ बिछ्यौना

***ईश्वरी पौडेल***

प्रधानाध्यापक,राजकीयसंस्कृतमाध्यमिकविद्यालय

यो विद्यालयमा अहिले कक्षा ८ देखि १२ सम्म पढाइ हुन्छ। यो पाठशाला हरेक धर्म तथा जातिका विद्यार्थीका लागि निःशुल्क छ। छात्रावासको समेत व्यवस्था छ। यसको स्थापनासँग सम्बन्धित प्रमाण मठसँग नै होला । विद्यालयसँग रहेका पुराना कागजातसमेत नष्ट भएको छ। पुराना पाठशाला भवन क्षतिग्रस्त भएका बेला बर्सातले ती कागजात क्षतिग्रस्त भएको हुन सक्छ । अहिले पाठशालाको भवन जीर्णोद्धार हुनुका साथै नयाँ भवन तथा भोजनालय निर्माण गरिएको छ। यो भवन निर्माण हुनुमा सङ्घीय, प्रदेश र मटिहानी नगरपालिकासँगै नेपाली सेनाको पनि सहयोग छ। यो १५ कट्ठामा फैलिएको छ। गुरुकुलीय परम्परा अनुसार नै अहिले पनि विद्यार्थीको पठनपाठन हुन्छ । यहाँबाट उत्तीर्ण भएका दलित र मुस्लिम समुदायका विद्यार्थीले आफ्नो क्षेत्रमा राम्रै गरेका छन् । यो पाठशाला स्थापनामा सेनवंशी राजा, तस्मैया बाबा राम दास तथा व्याकरणका विद्वान् गुरु जयकृष्ण दासको महत्वपूर्ण योगदान छ । अहिलेको समयसम्म जीवन्त हुनुमा शाहवंशीय र राणा प्रधानमन्त्रीको पनि योगदान छ। यो पाठशाला निरन्तर सञ्चालन हुनुले राणाहरू संस्कृत शिक्षाका समर्थक थिए जस्तो पनि देखिन्छ । यस पाठशालामा पढेकाहरू देशका विभिन्न स्थान तथा क्षेत्रमा कार्यरत छन् । मुस्लिम धर्मका पिरबाबाले मुसाले बिरालोमाथि विजय प्राप्त गरेको स्थानमा आश्रम बनाउन सल्लाह दिएका कारण तस्मैया बाबाले वीरजा (हालको बिग्ही) नदीको किनारमा खन्ती गाडेर आश्रम बनाएको बताइन्छ । सेनवंशी राजा माणिक सेनले लक्ष्मीनारायणको मन्दिर पुनर्निर्माण गराएपछि नजिककै तलाउमा भेटिएको मूर्ति सोही स्थानमा स्थापना भएको इतिहास पाइन्छ । मटिहानीमा लक्ष्मीनारायण मठ, जलेश्वरमा महादेव मठ तथा जनकपुरमा रामजानकी मठ (हालको राममन्दिर) एकैसाथ जीर्णोद्धार भएको मानिन्छ। मटिहानी मठनजिकै सिमरदही मठ पनि छ। त्यहाँ पनि रामजानकी मन्दिर छ। अरू ठाउँमा पठनपाठन भए नभएको कुनै ठोस प्रमाण नरहे पनि मटिहानीमा विसं १७७५ देखि निरन्तर संस्कृत पाठशाला सञ्चालनमा छ । लक्ष्मीनारायण मठमा तस्मैया बाबाले खन्ती गाडेको ठाउँमा हरेक दिन ओछ्यान लगाउनुपर्ने परम्परा छ । उहाँले हरेक रात यसै स्थानमा विश्राम गर्नुहुने मान्यता छ । मटिहानीमा याज्ञवल्क्य लक्ष्मीनारायण पाठशाला रहे पनि पुराना संस्कृत पाठशालाको स्वामित्व राजकीय संस्कृत विद्यालयसँग छ। सोही कारण पनि देशविदेशका पर्यटक यो पाठशालाको भ्रमण र अवलोकनका लागि आउने गर्छन् ।

## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन रोक्न समाजमा चेतना फैलाउन जरूरी छ ।
- विद्यालयदेखि नै बालबालिकालाई यसका बारेमा शिक्षित गराउनु पर्दछ ।
- पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरूलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउन जरूरी छ ।
- समाजमा तुरून्तै लागु गर्न सकिने किसिमका पाठ्यसामग्रीह समावेश गर्न जरूरी छ ।
- रोजगारीका लागि जाने व्यक्तिलाई शिक्षा दिने, गलत बाटोबाट जाँदा पर्ने असरका बारेमा जानकारी गराउने गर्नुपर्छ ।
- व्यक्तिगत तवरबाट आफु सचेत रहि परिवार र साथीह सबैलाई सचेतना फैलाउने ।
- शंकास्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिह को बारेमा निगरानी राख्ने परामर्श दिने र आवश्यकता अनुसार सम्वन्धित निकायसँग समन्वय गर्ने ।
- चोक, चौतारा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गर्ने लगायतका कार्य आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा रहेका समूदाय र क्षेत्र पहिचान गरी मानब बेचविखन रोकथामका लागि अन्तरक्रिया, सडक नाटक, र्‍याली, घरदैलो जस्ता कार्यक्रम गर्ने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सरकारी र गैर सरकारी संघसंस्थाहरूसँग समन्वय गर्ने ।
- पीडित प्रभावितह लाई आवश्यक सहयोग र परामर्श प्रदान गर्ने ।
- हिंसामा परेका पीडित प्रभावितलाई आत्म सम्मानपूर्वक बाँच्न पाउने वातावरण सृजना गर्दै पुनर्स्थापनाका लागि क्रियाशिल रहने ।

मटिहानी नगरपालिका, महोत्तरी, मधेश प्रदेश

# रासायनिक मलको कालोबजारी बढ्यो,कठिनाइमा किसान

● टक नेपाल

रौतहटमा रासायनिक मलको कालोबजारी भएपछि किसानहरू कठिनाइमा परेका छन् । गहुँको बीउ छर्न मलखाद्यको आवश्यकता परेको बेला अहिले जिल्लाको ग्रामीण क्षेत्रका बजारहरूमा युरिया र डीएपी मलको कालोबजारी बढेको हो। जिल्लाको माधवनारायण, गढीमाई लगायतका अधिकांश पालिकाहरूमा तोकिएको भन्दा बढी मूल्यमा रासायनिक मल बिक्री भइरहेको छ। ग्रामीण बजार का केही व्यापारीले एक हजार रुपैयाँ पर्ने युरिया मल १२ सय देखि १४ सय सम्ममा बिक्री गरिरहेको किसानहरूले गुनासो गरेका छन् । त्यस्तै २ हजार ५ सय पर्ने डीएपी ३ हजार ४ सयदेखि ३ हजार ५ सय सममा बिक्री भइरहेको माधवनारायण नगरपालिका ६ का किसान किसुन राय यादवले बताएका छन्। किसानको मागअनुसार युरिया र डीएपी मल उपलब्ध हुन सकेको छैन तर कतिपय व्यापारीले लुकिछिपी कालोबजारी गरिरहेको कारण आफूहरू कठिनाइमा परेको




किसान यादवले दुखेसो पोख्छन्। हाल रासायनिक मलखादको अवस्था बारे नियमनकारी निकाय वा जिल्ला प्रशासन कार्यालय रौतहटले बजार अनुगमन गरी कालोबजारी गर्ने व्यापारीलाई कारबाहीको दायरामा ल्याउनु पर्ने किसानहरूले माग गरेका छन्। हाल गहुँ खेती गर्ने मुख्य सिजनमा पनि स्थानीय निकायले किसानलाई सहज रूपमा मल उपलब्ध गराउन चासो नलिएको किसानहरूले गुनासो गरेका छन्। स्थानीय सरकारबाट कैयौँ सङ्घ संस्थाले किसानलाई सहज रूपमा मल उपलब्ध गराउन अनुदानमा लिएका छन्। तर अनुदानको मल किसानलाई नदिई बिचौलिया सँग बिक्री गर्ने गरेको कटहरिया १ का किसान रामबहादुर यादवको गुनासो रहेको छ । सर रबाट विभिन्न कृषि सहकारी सङ्घ संस्थाले अनुदानमा पाएका मलखाद्य किसानलाई नदिई बढी मूल्यमा व्यापारीसँग बेच्ने गरेको उनको दाबी रहेको छ। व्यापारी हरूले चर्को मूल्यमा किसानलाई मलखाद्य बेच्ने गरेका कारण किसानहरू निकै मारमा परेका छन्। रौतहटका सीडीयो हिरालाल रेग्मीले मल र दैनिक उपभोग्य बस्तुको सामानमा कालोबजारी बारे छानबिन गर्ने र गलत गरेको पाइएमा कडा कारबाही गर्ने चेतावनी दिएका छन् ।

# मधेस प्रदेशमा धान उत्पादन बढ्यो

● टक नेपाल

मधेस प्रदेशमा चालू आर्थिक वर्षमा १५ लाख दुई हजार चार सय ५८ मेट्रिकटन धान उत्पादन भएको छ। गत आर्थिक वर्षमा १२ लाख ९६ हजार छ सय ७ मेट्रिक टन धान उत्पादन भएको थियो । गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा दुई लाख पाँच हजार दुई सय ५१ मेट्रिकटन बढी धान उत्पादन भएको कृषि प्रसार अधिकृत रोशनकुमार मेहताले बताए । रोपाइँ र त्यसपछिको समयमा पानी परेको थियो भने मल र बीउ समयमा नै उपलब्ध भएकाले उत्पादन बढेको उहाँको तर्क छ । गत वर्षको तुलनामा यस वर्षमा पाँच हजार दुई सय हेक्टर बढी जमिनमा धानखेती गरिएको थियो। गत वर्ष प्रतिहेक्टर तीन दशमलव ५० मेट्रिकटन धान उत्पादभएको



थियो भने चालू आवमा प्रतिहेक्टर चार मेट्रिकटन उत्पादन भएको छ। सबैभन्दा बढी सप्तरीमा तथा सबै भन्दा कम रौतहटमा भएको छ। सप्तरीमा दुई लाख ६१ हजार एक सय २० मेट्रिकटन, रौतहटमा एक लाख ५० हजार चार सय ८० मेट्रिकटन, पर्सामा एक लाख ८४ हजार सात सय ४९ मेट्रिकटन, सर्लाहीमा एक लाख ८२ हजार एक सय ६० मेट्रिकटन र धनुषामा एक लाख ६६ हजार दुई सय ६० मेट्रिकटन धान उत्पादन भएको छ। यसैगरी, महोत्तरीमा एक लाख ६७ हजार सात सय ७० मेट्रिकटन, सिरहामा दुई लाख नौ हजार पाँच सय २० मेट्रिकटन र बारामा एक लाख ८० हजार तीन सय मेट्रिकटन धान उत्पादन भएको अधिकृत मेहताले जानकारी दिए । यसैबिच, यहाँस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले धान खरिद प्रक्रिया सुरु गरेको जनाएको छ।

# गढीमाई पञ्चवर्षीय मेलामा दर्शनार्थीको घुइककंचा

● टक नेपाल

बाराको वरियारपुरस्थित गढीमाई पञ्चवर्षीय मेलामा दर्शनार्थीहरूको घुइककंचो बढ्न थालेको छ। गढीमाई मेला मूल व्यवस्थापन समितिका अनुसार यही मंसिर १ गतेदेखि सुरु भएको गढीमाई मेलामा मंसिर २२ गते शनिबार दिउसोसम्म करिब ४० लाख दर्शनार्थीहरू मेलामा आइसकेका छन् । गढीमाई मेला हुने विशेष पूजा नजिकिएसककंगै मेलामा दर्शनार्थीहरूको भिड बढेको मूल पुजारी शिव चौधरी बताउँछन् । बिहानैदेखि गढीमाई माताको दर्शन गर्न देशका विभिन्न जिल्लासहित विदेशबाट समेत लाखौंको सङ्ख्यामा भक्तजनहरू आएका छन् । अझ शनिबार सम्पूर्ण सरकारी कार्यालय, बैंक लगायतमा बिदा हुने भएकाले आज मेला घुम्न आउनेको सङ्ख्या उल्लेख्य बढेको छ । गढीमाई मेलामा भोलि र पर्सी गढीमाइ मेलामा बलि दिइनेछ । भोली राँगा बलि तथा पर्सी बोका बलि हुने समितिले बताएको छ । भोली विशेष पूजापछि पशु बलि दिने क्रम सुरु हुने मूल पुजारी चौधरीको भनाइ छ। उनका अनुसार नर बलि दिएपछि मात्र गढीमाई मेलामा पशु बलि दिन सुरु गरिनेछ। अहिले पशु बलिको लागि



मेलामा करिब ५ हजार राँगा आइसकेको र अझै राँगा आउने क्रम जारी रहेको बलि व्यवस्थापन उपसमितिले जनाएको छ। गढीमाई मन्दिरका मूल पुजारी शिव चौधरीका अनुसार यस वर्ष १७ हजार बलि चढ्ने अनुमान छ । मेलामा यो वर्ष करिब ३ करोड दर्शनार्थीले अवलोकन गर्ने गढीमाई मेला मूल व्यवस्थापन समितिको अनुमान छ ।

**सुरक्षा व्यवस्था कडा**

गढीमाई मेलामा आउने भक्तजनहरूको भीड बढ्न थाले पछि उच्च सुरक्षा सतर्कता अपनाइएको छ। भक्तजनहरूको गतिविधिमा निगरानी तथा चेकजाँचमा कडाइ पारिएको बारा एसपी महेन्द्र खडकाले बताए । उनका अनुसार मेलालाई सभ्य, भव्य एवम् व्यवस्थित बनाउन सुरक्षा व्यवस्था एकदम कडा बनाइएको हो । मेलामा दर्शनार्थीहरूको सुरक्षाका लागि तीन हजारको स¤ˎयामा नेपाल प्रहरी र सशस्त्र प्रहरीसहित ट्राफिक प्रहरी परिचालन गरिएको जिल्ला प्रशासन कार्यालय बाराले जानकारी दिएको छ । यसको अलावा नगर प्रहरी, स्वयंसेवकहरू समेत भक्तजनहरूको सुरक्षार्थ खटिएका छन् भने सूक्ष्म तारिकाले सबैको निगरानीका लागि ३५० भन्दा बढी सिसिटिभी क्यामरा राखिएको छ ।

**खान बस्नको पनि सुविधा**

मेलामा दर्शनार्थीहरूको सुरक्षासँगै बास, खाना लगायतको सुविधा समेत उपलब्ध गराइएको मेला समितिले जनाएको छ । साथै दर्शनार्थीहरूलाई असहजता नहोस् भन्ने उद्देश्यले मन्दिरमा ब्यारेकेटिङ गरेर व्यवस्थित बनाइएको छ। साथै मेलामा भक्तजनहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै निःशुल्क स्वास्थ्य शिविर, खाने पानी, घुम्ती शिविर, शौचालय, दाउरा लगायतको प्रबन्ध मिलाइएको गढीमाई मेला मूल व्यवस्थापन समितिले जनायो। विशेष पूजा गर्नका लागि पाँच सयको नगदी रसिद लिएर जाने व्यवस्था गरिएको छ ।

विज्ञापन लागि सम्पर्क गर्नुहोस्
विनोद ढुङ्गेल
९८५४०४०५६४
९८६३३२१२०१४
९८०७८२१०१४
Contact for Advertising

# नेपाल पत्रकार महासंघमा धनुषाका कर्ण र महोत्तरीका महतो केन्द्रिय सदस्यका उम्मेदवार





● टक नेपाल

नेपाल पत्रकार महासंघको यही २८ मंसिरमा हुने निर्वाचनमा धनुषाका राजेश कर्ण र महोत्तरीका राजकरण महतोसहित १३३ जनाले विभिन्न पदमा उम्मेदवारी दिएका छन् । कर्ण र महतो प्रेस युनियन र प्रेस चौतारी को संयुक्त प्यानलमा केन्द्रिय सदस्यका उम्मेदवार हुन् । कर्ण मधेस प्रदेश सदस्य र महतो मधेसी सदस्यको लागि उम्मेदवार बनेका छन् । करिब तीन दशक बढी देखि पत्रकारिता गर्दै आएका कर्ण विभिन्न राष्ट्रिय तथा स्थानिय सबै माध्यमबाट पत्रकारीता गरिरहेका छन् । उनि मधेसवादी प्रेस संगठनबाट हालै प्रेस युनियनमा प्रवेश गरेका हुन् ।त्यसैगरी करिव एक दशकदेखि पत्रकारीता गर्दै आएका महतो महोत्तरीमा खरो पत्रकारकारूपमा चिनिन्छन् । पत्रकारितामा स्नातकोत्तर गरेका महतो हाल अन्नपूर्ण पोष्टको काठमाडौं संवाददाता हुन् । बर्दिवास -१३ का महतो करिव दुई महिनाअघि प्रेस सेन्टर त्यागेर चौतारी प्रवेशका उनी पत्रकार महासंघ महोत्तरी शाखाका सचिव थिए ।




बर्दिबास मिडिया प्रा.लि. द्धारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, प्रधान संपादकः निकेश खनाल, सल्लाहकार सम्पादक :माधव पौडेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com